# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा अन्तर्गत प्राविधिक तर्फका प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर तेस्रो तह, वन रक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. १८६/२०८१-०८२ मिति २०८१/९/२९ गते सोमबार**

प्रदेश निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरुमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनु पर्नेछ। सेवाका शर्त र तलब तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ३००१/२०८१-०८२ | खुला | वन रक्षक | तेस्रो | प्रदेश वन/जनरल फरेष्ट्री | १७ |
| २ | ३००२/२०८१-०८२ | आ.ज. | वन रक्षक | तेस्रो | प्रदेश वन/जनरल फरेष्ट्री | ५ |
| ३ | ३००३/२०८१-०८२ | महिला | वन रक्षक | तेस्रो | प्रदेश वन/जनरल फरेष्ट्री | ४ |
| ४ | ३००४/२०८१-०८२ | दलित | वन रक्षक | तेस्रो | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| ५ | ३००५/२०८१-०८२ | थारु | वन रक्षक | तेस्रो | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| ६ | ३००६/२०८१-०८२ | मधेशी | वन रक्षक | तेस्रो | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| ७ | ३००७/२०८१-०८२ | मुस्लिम | वन रक्षक | तेस्रो | प्रदेश वन/जनरल फरेष्ट्री | १ |

परीक्षाको किसिमः- लिखित परीक्षा, शारीरिक परीक्षण, तन्दुरुस्ती परीक्षा र अन्तर्वार्ता।

परीक्षा कार्यक्रमः-

| क्र. सं. | सेवा/समूह/उपसमूह | तह | पद | परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|
| | | | | प्रथम चरण | द्वितीय चरण |
| | | | | लिखित परीक्षा | शारीरिक तन्दुरुस्ती परीक्षा |
| १ | प्रदेश वन/जनरल फरेष्ट्री | तेस्रो | वन रक्षक | २०८१/११/१६ गते बिहान ७:३० बजे | लिखित परीक्षाको नतिजासँगै प्रकाशन गरिनेछ। |

परीक्षा केन्द्रः- लिखित परीक्षा, शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षाको परीक्षा केन्द्र आयोगले पछि सूचना प्रकाशन गरे बमोजिम हुनेछ।

परीक्षा दस्तुरः- प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ४००।- (चार सय) बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक थप समूहका लागि रु १००।- (एक सय) थप दस्तुर बुझाउनु पर्नेछ।

दरखास्त दिने अन्तिम मितिः- २०८१/१०/२० गते र दोब्बर दस्तुर तिरी २०८१/१०/२७ गतेसम्म।

दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत विधुतीय माध्यमबाट सोझै वा मास्टर आइडी (Master ID) र कारोवार संकेत नं. उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ ।

दरखास्त दस्तुर बुझाउने अवधिः- ढिलोमा २०८१/१०/२८ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नु पर्नेछ।

दरखास्तको माध्यमः- विज्ञापित सबै पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिने छ।

उम्मेदवारको उमेरको हदः- २०८१/१०/२० गतेसम्म १८ बर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० बर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन।

पेश गर्नुपर्ने कागजातहरुः- उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ ।सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**प्रयोगात्मक तथा लिखित परीक्षा कार्यक्रमः** दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको शारीरिक परीक्षण, तन्दुरुस्ती परीक्षा, लिखित परीक्षा र अन्तर्वार्ता कार्यक्रम पछि प्रकाशित गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा समूह सम्बन्धी।

तलवः- प्रचलित कानून बमोजिम।

सेवा सम्बन्धी मन्त्रालयः- पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश।

## आवश्यक न्यूनतम योग्यताः

१. **वन रक्षक, सहायकस्तर तेस्रो तह, प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट १० (दश) कक्षा उत्तीर्ण र शारीरिक तन्दुरुस्त भएको।

(क)शारीरिक परीक्षण (शारीरिक परीक्षणको लागि देहायको मापदण्ड पूरा भएको हुनु पर्नेछ)

| सि.नं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाई | ५ फिट २ इन्च (५'२") | ५ फिट (५'-०") |
| २ | छाती | ३१-३३ इन्च (३१"-३३") | - |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५ | Color Vision Test | रंग पहिचान सम्बन्धी दोष नभएको | रंग पहिचान सम्बन्धी दोष नभएको |

नोटः शारीरिक परीक्षणमा माथि उल्लिखित मापदण्ड पुग्ने उम्मेदवारहरु मात्र दरखास्तका लागि योग्य हुनेछन्। तोकिएको मापदण्ड पुरा नभई दरखास्त पेश गरेमा उम्मेदवार स्वयम् जवाफदेही हुनु पर्नेछ।

(ख)तन्दुरुस्ती परीक्षा

| सि.नं. | परीक्षाका इभेण्टहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | २०० मिटर दौड | २० |
| २ | ३००० मिटर दौड | २० |
| ३ | रुख चढ्ने | ५ |
| ४ | पौडी | ५ |

माथि उल्लिखित इभेण्टहरु क्रमशः सञ्चालन गरिनेछ । अघिल्लो इभेण्टमा असफल हुने उम्मेदवारहरु त्यसपछिको इभेण्टमा सहभागि हुन पाउने छैनन् ।

**<u>द्रष्टव्यः-</u>**

१. प्रथम चरणको लिखित परीक्षामा न्यूनतम उत्तीर्णाङ्क प्राप्त गर्ने सबै उम्मेदवारहरु दोस्रो चरणको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षामा सहभागी हुन पाउनेछन्।
२. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
३. उम्मेदवारले दरखास्त पेश गर्दा "**म शारीरिकरुपमा तन्दुरुस्त छु**" भनी अनलाईन दरखास्त प्रणालीमा रहेको चेक बक्समा ठीक चिन्ह (√) लगाई सो बमोजिमको न्यूनतम योग्यता पुरा गरेको स्वघोषणा गर्नुपर्नेछ ।
४. द्वितीय चरणको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षाहरु तोकिएको स्थानमा मात्र हुनेछ ।
५. खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा दरखास्त दिने उम्मेदवारलाई एक पटक मात्र शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ ।

६. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

७. आयोगद्वारा तोकिएको म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

८. शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षामा आउँदा प्रवेश पत्र र नागरिकता सक्कल प्रमाणपत्र साथै लिखित परीक्षामा उतीर्ण हुने उम्मेदवारहरुले अन्तर्वार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यता, नागरिकता सक्कल प्रमाणपत्र तथा प्रतिलिपी अनिवार्यरुपमा पेश गर्नुपर्नेछ।

९. प्रथम, द्वितीय र तृतीय गरी तीन चरणमा परीक्षाहरु हुनेछन् । प्रथम चरण (लिखित परीक्षा) मा उत्तीर्ण गरेका उम्मेदवारहरुलाई मात्र द्वितीय चरण (शारीरिक परीक्षण र तन्दुरुस्ती परीक्षा) मा सामेल गरिनेछ । द्वितीय चरणमा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरण (अन्तर्वार्ता कार्यक्रम) मा सहभागी गराइने छ ।

१०.प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।

११.लिखित परीक्षामा सम्मिलित हुने उम्मेदवारहरुले उत्तरपुस्तिकामा कालो मसि मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

१२.खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

१३.समावेशी समूहको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् ।

१४.उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

१५.सवै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

१६.समान तहको पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त स्वीकृत गरिने छैन (प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ बमोजिम)।

१७.सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

१८.दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

१९.उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

२०.उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। **उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।**

२१.**विज्ञापन नम्बर र परीक्षा केन्द्र फरक विवरण छनोट भएको अवस्थामा संशोधन सुनिश्चित गर्न आयोग वाध्य हुने छैन।**

२२.दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा पनि हेर्न सकिने छ।

२३.पाठ्यक्रम आयोगको वेबसाइट psc.koshi.gov.np बाट प्राप्त गर्न सकिने छ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

ग) **थारुका हकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको थारु जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको थारु जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको थारु जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

घ) **मधेशीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

ङ) **मुस्लिमका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मुस्लिम भनी प्रमाणित गरेको कागजातका आधारमा । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात।

**नोटः प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० बमोजिमको सुविधा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (४) तथा प्रदेश निजामती सेवा नियमावली २०८१ को नियम २१ को उपनियम (१) अनुसार एक व्यक्तिले सहायकस्तर तह र अधिकृतस्तर तहमा सेवा अवधिभरमा एक/एक पटक मात्र लिन पाउनेछ।**